# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७३।०६।१२ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

---

चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवन अन्तर्गत मध्यवर्ती पाँचपाण्डव उपभोक्ता समितिका तत्कालिन कार्यालय सहायक श्री लोकनाथ पौडेलले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी नियुक्ति लिएको भन्ने उजुरीको आधारमा अनुसन्धान तथा छानबिन हुँदा २०५५ साल देखी २०७१ सालसम्म मध्यवर्ती पाँचपाण्डव उपभोक्ता समितिको कार्यालयमा कार्यालय सहायक पदमा कार्यरत लोकनाथ पौडेलले समितिको कार्यालय सहायक पदमा नियुक्ति पाउने, बहालरहने र सो हैसियतले लाभ तथा सुविधा पाउने उद्देश्यले शान्ति विद्या गृह मा.वि. काठमाण्डौबाट २०४२ सालमा एस. एल. सी. उत्तिर्ण गरेको झुठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी ओहोदामा नियुक्ति तथा लाभ सुविधा लिई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज लोकनाथ पौडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी